नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(.........................................शाखा)

पत्र संख्या :

चलानी नं. :

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८१।१।२

ने.स ११४४ चौलाथ्व ६ आइतबार

**युवा तथा खेलकुद मन्त्रालय तथा अन्तर्गतका निकायबाट मिति २०८०/१२/२५ देखि २०८०/१२/३० सम्म सम्पादन भएका कामकारबाहीको विवरणः-**

१. यस मन्त्रालयको माननीय मन्त्रीस्तरको निर्णयानुसार नेपाल स्काउटको जग्गा भाडामा लिने दिने बारे भएको सम्झौता र त्यस सम्बन्धमा सम्मानित उच्च अदालत पाटनको फैसला कार्यान्वयनको अवस्थाका बिषयमा छानविन गर्न मन्त्रालयका उपसचिवको संयोजकत्वमा छानविन समिति गठन भएको।

२. राष्ट्रिय युवा परिषद् मार्फत "नमूना संयुक्त राष्ट्र संघीय अभ्यास कार्यक्रम" सम्पन्न गरिएको।

३. राष्ट्रिय युवा परिषद् मार्फत रुकुमपूर्व, अर्घाखाँची, डोटी, डडेलधुरा, जाजरकोट र महोत्तरी जिल्लामा नमूना स्थानीयसभा कार्यक्रम संचालन गरिएको।

४. काठमाडौं युनिभर्सिटी सिभिल इन्जिनियरिङ क्लब सँगको संलग्नतामा १०० जना युवाहरुलाई उद्यम परामर्श प्रदान गरिएको।

५. युवा तथा साना व्यावसायी स्वरोजगार कोष मार्फत कोषमा थोक कर्जा माग गरेका मध्ये विभिन्न ८ जिल्लाहरुका १८ वटा सहकारी संस्थाहरुलाई प्रथम किस्ता बापत रु. ३,०५,००,०००/- (अक्षेरेपी तीन करोड पाँच लाख मात्र) निकासा गरिएको।

६. युवा तथा साना व्यावसायी स्वरोजगार कोषको भुक्तानी तालिका अनुसार किस्ता तथा व्याज भाखा नाघेका २ वटा सहकारी संस्थाका ११ जना सञ्चालकहरूको घरजग्गा रोक्का गरिएको ।

७. युवा तथा साना व्यावसायी स्वरोजगार कर्जा लगानी भएका ९६ जना व्यवसायीहरुको बीमा गरिएको ।

०८१।१।२

लेखनाथ न्यौपाने

उपसचिव/सूचना अधिकारी

युवा तथा खेलकुद मन्त्रालय,सिंहदरबार काठमाडौं।